# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०७।२८ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुका खरिदारद्वय सूर्यप्रसाद मिश्र र दुर्गाप्रसाद चौधरीले जग्गाको मोही नामसारी गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निजहरू खरिदारद्वय सूर्यप्रसाद मिश्र र दुर्गाप्रसाद चौधरीलाई सेवाग्राहीसँग रु.६,०००।-(छ हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकमसहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुका खरिदारद्वय सूर्यप्रसाद मिश्र र दुर्गाप्रसाद चौधरीले समयमै काम नगरी सेवाग्राहीको मोही नामसारी गराउनका लागि वारेस भई निवेदकले उक्त कार्य गराउँदा नियमानुसार काम गरी दिने प्रयोजनका लागि भनी रु. ६,०००।— (छ हजार) निवेदकसँग घुस/रिसवत वापत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले आरोपीहरु सूर्यप्रसाद मिश्र र दुर्गाप्रसाद चौधरीलाई विगो रु.६,०००।—(छ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला